# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको ५७ औं बैठकका निर्णयहरू

## (२०७८ भदौं ३१ गते)

१. मिति २०७८/०६/०३ गते घर-घरमा दीपावली र नारायणी किनार सरसफाइ गरी संविधान दिवस मनाउने निर्णय सर्वसम्मतले गरियो।

२. सहकारी तथा रोजगार प्रवर्द्धन शाखाबाट प्रकाशित महानगर सहकारी गतिविधि पुस्तक विमोचन गरियो।

३. यस महानगरपालिकामा कार्यरत करार तथा ज्यालादारी कर्मचारीहरूको लागि नेपाल सरकारले बढाएको रु. २००० पारिश्रमिक थप गर्ने सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो। साथै महानगरपालिकाद्वारा प्रदान गरिने प्रोत्साहन भत्ता १० प्रतिशत र १५ प्रतिशत यस महानगरपालिकामा कार्यरत सबै कर्मचारीहरूलाई दिने निर्णय गरियो।

४. आ.व. २०७८/७९ को साविक स्थानीय निकायका स्थायी कर्मचारीको तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो।

५. प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि, २०७८ को मस्यौद। सम्बन्धमा छलफल हुँदा सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।

६. विद्यालयहरूले तह/कक्षा थप गर्दा लाग्ने धरौटी देहाय अनुसार कायम गर्ने निर्णय गरियो ।

| क्र सं | तह | किसिम | धरौटी रकम |
|---|---|---|---|
| १. | आधारभूत ( प्रारम्भिक बाल विकास / मन्टेश्वरी/ किन्डरगार्डेन) | संस्थागत | ५००००/- |
| २. | आधारभूत (१-५) | संस्थागत | २०००००/- |
| ३. | आधारभूत (१-८) | संस्थागत | २५००००/- |
| ४. | माध्यमिक (१-१०) | संस्थागत | ४०००००/- |
| ५. | माध्यमिक (१-१०) | सामुदायिक | २०००००/- |
| ६. | माध्यमिक (१-१२) | संस्थागत | ६०००००/- |
| ७. | माध्यमिक (१-१२) | सामुदायिक | ३०००००/- |

७. सार्वजनिक गुठीको रुपमा निःशुल्क पठनपाठन गराउने गुरुकुल, गुम्वा र मदरसा जस्ता धार्मिक विद्यालयहरूको हकमा सामुदायिक विद्यालय सरह धरौटी रकम कायम गर्ने निर्णय गरियो।

८. नदीजन्य पदार्थ सङ्कलन कार्यविधि, २०७५ संशोधन गर्ने सम्बन्धमा छलफल हुँदा आवश्यक प्रक्रिया पूरा गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो।

९. मिति २०७८ आषाढ महिनादेखि लगातार वर्षाको कारण साविक वडा नं. ३ नारायणी नदी किनारमा फोहोर फाल्दै गरेको स्थानमा फोहोर फाल्न कठिनाइ भएकोले फोहोर व्यवस्थापनमा समस्या देखा परेको र फोहोरमैला व्यवस्थापनमा देखिएको विवाद समाधान समितिको सुझाव एवम् राय बमोजिम अस्थायी रुपमा वडा नम्बर २४ ध्रुव ल्याण्डफिल्ड साइटमा फोहोरमैला लैजादा लागत शुल्क बढेको कारण साझेदारी विधिबाट महानगरपालिकाले इन्धन सुविधा बापत सम्झौता बमोजिमको साधनहरु प्रयोग गर्ने हुँदा मासिक रूपमा सुन्दर नेपाल रु.५,००,०००।—( पाँच लाख) र वेष्ट म्यान्जमेण्ट ग्रुप नेपाल प्रा.लि. काठमाडौंलाई रु.३,००,०००।— (तीन लाख) दिने र अन्य कार्य साझेदार (साविक सेवा प्रदायक) बाट अस्थायी रुपमा २०७८ श्रावण महिनादेखि २०७८ कार्तिक १५ सम्मको लागि फोहोर व्यवस्थापन गर्ने र उक्त समय पश्चात् पुनः वडा नम्बर ३

कार्यालय अधिकृत

Scanned with CamScanner

साविकको स्थानमा नै लैजाने र त्यसपछि साविककै सम्झौता बमोजिम गरी/गराई आगामी नगरसभाबाट समर्थन गराउने निर्णय गरियो ।

१०. भरतपुर महानगरपालिका वडा नं. २ स्थित रामकृष्ण टोल त्रिवेणी मार्गमा आ.व. २०७६/७७ मा वडास्तरीय बजेट अन्तर्गत पिच निर्माणका लागि २२,२५,५१५.४६ मध्ये महानगरपालिकाबाट रु. १२ लाख र सम्बन्धित उपभोक्ता समितिको तर्फबाट रु. १०,२५,५१५.४६ लगत सहभागिता हुनेगरी स्वीकृत भएकोमा सम्बन्धित उपभोक्ता समिति लागत सहभागिताभन्दा बढी रु. ७४,४८४.५४ खातामा बढी दाखिला भएको हुँदा उक्त रकम फिर्ता गरी नगरसभाबाट समर्थन गराउने निर्णय गरियो।

११. ग्रिन नेपाल सिटी वेष्ट मेनेजमेण्टले फोहोरमैलाको ठेक्का लिँदा मिति २०७३/०५/०६ मा रु. २,२७,०००/- धरौटी रकम फिर्ता माग गरेकोमा महानगरपालिकाको धरौटी खातामा जम्मा भएको देखिएको हुनाले उक्त रकम फिर्ता गरी नगरसभाबाट समर्थन गराउने निर्णय गरियो।

१२. भरतपुर महानगरपालिका वडा नं. १०, चित्रसेन मार्ग स्थित कि.नं. ६९९ सँग रहेको करिब ०-०-०६ धुर सार्वजनिक जग्गा साहित्य सङ्गम चितवनलाई दिने सम्बन्धमा छलफल हुँदा जग्गा सार्वजनिक जग्गा संरक्षण समितिबाट र १० नं. वडा कार्यालयबाट सिफारिश भई आएकोले सो संस्थालाई उक्त जग्गा संरक्षण गर्न दिने निर्णय गरियो।

१३. भरतपुर महानगरपालिका वडा नं. २३ का वडा अध्यक्ष श्री नारेनारायण पौडेलकी ममतामयी आमा कलावती पौडेलको मिति २०७८/०५/२६ मा स्वर्गारोहण हुनुभएको हुँदा शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।

१४. आ.व. २०७७/७८ को भुक्तानी दिन बाँकी प्रक्रिया पुगेका योजनाहरूको भुक्तानी दिने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## २०७७/०७८ मा सम्झौता भई भुक्तानी को लागि छुट भएका अधुरा योजनाहरुको विवरण

| सि.न. | मिति | योजनाको नाम | योजनाको प्रकार | बजेट शीर्षक | वडा न. | लागत अनुमान स्वीकृत मिति | कुल रकम | महानगरले ब्येहोर्ने रकम भुक्तानी बाँकि | उपभोक्ताले ब्येहोर्ने | अन्यले ब्येहोर्ने रकम | अन्य निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०७८/५/२१ | श्री मा. बि.शशिनगर पुर्वाधार निर्माण | पर्खाल निर्माण | जि.स.स. | १८ | २०७७/१०/१३ | १२०५४३७.४२ | ३५०००० | १५५४३७.४२ | ७००००० | जि.स.स. |
| २ | २०७८/५/२५ | हरि कुमार कलेज भवन निर्माण | भवन | जि.स.स. | १५ | २०७७/९/२८ २०७८/३/२३ | १४३९१७६.२९ | ४३१७५२.८९ | ७४२३.४ | १०००००० | जि.स.स. |
| ३ | २०७८/५/२९ | तुल बिर मार्ग ,सडक पिच निर्माण | सडक | निर्बाचन क्षेत्र-३ | ९ | २०७७/१२/२४ | १११०८२९.२ | | ११०८२९.२ | १०००००० | निर्वाचन क्षेत्र-३ |
| ४ | २०७८/५/२९ | तिन तले चोक बाट शिवालय मन्दिर जाने सडक | सडक | निर्बाचन क्षेत्र-३ | ९ | २०७७/१२/२४ | २२२०६६९.९८ | | २२०६६९.९८ | २०००००० | निर्वाचन क्षेत्र-३ |
| ५ | २०७८/५/३० | गौतम नगर चोक देखि दक्षिण नाली सफाई | नाली सफाई | विशेष आकस्मिक कोष | २७ | २०७८/३/१६ | १०८२६६.८७ | ९७४४०.२७ | १०८२६ | - | - |
| ६ | २०७८/५/३० | सडक बत्ति जडान विभिन्न स्थान वडा नं. २ | सडक बत्ति | वडा स्तरीय बजेट | २ | | | २००००० | १५२७.८७ | | |
| ७ | २०७८/५/३० | वडा नं. १४ प्रचण्ड टोल बिकाश संस्था अन्तर्गत बाटो | सडक | समपुरक साझेदारी कोष | १४ | २०७८/१/२२ | ४७१७१२६.४२ | ४८११९६.८७ | ४७९६८०.७१ | | |
| ८ | २०७८/५/३० | गीतानगर सामुदायिक सिकाई केन्द्र | | शिक्षा | | | | ५००००० | | | |
| ९ | २०७८/५/३० | मा. बि. लगौटाको निर्माणाधीन ३ कोठे भवन दोश्रो तला | | शिक्षा | | | | १०००००० | | | |
| १० | २०७८/५/३० | शक्ति मा.बि. को अधुरो भवन | | शिक्षा | | | | १४००००० | | | |
| ११ | २०७८/५/३० | पढ्दै कमाऊदै कार्यक्रम को भुक्तानी बाँकि | | शिक्षा | | | | २५०००० | | | |
| १२ | २०७८/५/३० | नयाँ किरण मा. बि. दुई कोठे भवन भुक्तानी बाँकि | | शिक्षा | | | | १८००००० | | | |
| १३ | २०७८/५/३० | सिंचाई बोरिंग निर्माण | | | २५ | | ८३०५०० | ७००००० | १३०००० | | |
| १४ | २०७८/५/३० | पुंजीगत डी.पि. आर. कार्य | | | २५ | | | ४५०००० | | | |
| १५ | २०७८/५/३० | सिद्धेस्वोर आधारभूत विघालय | | वडा स्तरीय बजेट | ६ | | | २००००० | | | |
| १६ | २०७८/५/३० | गणेश सप्लायर्स | | वडा स्तरीय बजेट | ६ | | | ६२००० | | | |
| १७ | २०७८/५/३० | ह्युम पाइप निर्माण कार्य | | विशेष आकस्मिक कोष | २९ | | | ४८८३१२.५० | | | |
| १८ | २०७८/५/३० | मा. बि. गंगा नगर लेखा तथा भण्डार शाखा निर्माण | | विशेष आकस्मिक कोष | १३ | | २०२४१३ | १८२१७२४.०० | | | |
| १९ | २०७८/५/३० | सडक ग्रावेल विभिन्न सडक | | वडा स्तरीय बजेट | १५ | | २००५४० | २०००००.०० | ५४० | | |
| २० | २०७८/५/३० | नि. मा. बि. मंगलपुर देखि पूर्व बिश्व प्रकाश मा.बि. हुँदै ५ नं. | | वडा स्तरीय बजेट | १५ | | ७३८०७६ | ६६००००.०० | ७८०७६ | | |
| २१ | २०७८/५/३० | वडा नं २०-२५ सिमाना कुमार चोक देखि रातापुर स्कुलसम्म | | नगर | | | ३८०८१० | ३८०८१०.०० | | | |
| २२ | २०७८/५/३० | नारायणी मार्ग पिच | | | २ | | ७४००० | ७४०००.०० | | | |
| २३ | २०७८/५/३० | सडक वत्ति मर्मत | | नगर | २ | | २००००० | २०००००.०० | | | |
| २४ | २०७८/०५/३० | जानकी मा.वि. गेट/राइकल स्टयाण्ड | | जि.स.स. | २७ | | ५५५९२१ | | ५५९२१ | ५००००० | |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner